

# अध्याय -८

## चेलाहरूलाई शिक्षादीक्षाः भाग २

*__यस अध्यायमा मुख्य पदहरू:__* मर्कूस १०; उत्पत्ति १:२७; उत्पत्ति २:२४; गलाती ४:१,२; रोमी ६:११, र यशैया ११:१-१६।

***यस अध्यायको मूल सार पदः*** **"किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।" मर्कूस १०:४५**

येशू क्रूसमा जान तयार भइरहेको बेलामा उहाँले उहाँका चेलाहरूलाई अन्तिम शिक्षादीक्षा दिनुभएको विशेष अंश मर्कूस १० यस अध्यायमा अध्ययन गर्नेछौं। यस अध्यायको आधा जस्तो भाग चेलाहरूको बारेमा उल्लेख गरिएको छ। अनि बाँकि भाग चेलापन हुन आवश्यक महत्त्वपुर्ण विषयवस्तुको बारेमा अध्ययन गर्नेछौं। तर यो अंश येशूसँग अन्तर्क्रिया गर्नुभएको अरूको दृष्टिकोणद्वारा हेर्नेछौं र अन्धो मानिस आफ्नो आँखा खुलाउन अनुरोध गरेकोबाट यो अध्याय अन्त हुन्छ।

येशूभक्त हुनु वा येशूको अनुयायी हुनु भनेको व्यवहारिक पक्ष के हो भन्ने मर्कूसको यस अध्यायले महत्त्वपूर्ण उहाँको शिक्षालाई उजागर गर्दछ। येशूको मान्य भक्त हुन वा इसाई जीवन कुनै अवधारणामा वा केवल अध्यात्मिक जीवनमा सिमित नराखि दैनिक व्यावहिरक जीवनमा नै कसरी उतारेर मानिसहरूको सामु प्रस्तुत गर्नुपर्छ भनेर यस अध्यायमा सिकाइएको छ। येशूभक्तको वैवाहिक जीवन, आफ्ना छोराछोरीहरूलाई कस्तो व्यवहार

गर्नुपर्छ, धनसम्पत्ति प्रति धारणा, र येशूको पछि लाग्दा पाउने इनाम र चुकाउनुपर्ने मोललाई यसले खुलाएको छ। अन्धोलाई निको पारेर यो अध्याय अन्त्य हुन्छ (मर्कूस ८:२२-१०:५२)। येशूको चेला हुँदा चुकाउनुपर्ने मोल र त्यसले विश्वासीलाई कता लानेछ भनेर सुन्दर चित्रण यस अंशमा गरिएको छ।

*चाहे दुई हजार वर्ष अघिका येशूका चेलाहरूलाई होस् वा आधुनिक बीसौं शताब्दीमा इसाईहरूलाई होस् येशूका चेला वा भक्त हुन के चुनौतीहरूको सामना गर्नुपर्छ वा इसाई जीवन सबै ठिक ठिक मात्र नभएर कतिको प्रतिकूल परिस्थितिको पनि सामना गर्नुपर्दो रहेछ भनेर यस अध्यायले नलुकाइकन उजागर गर्दछ।*

## १. वैवाहिक जीवनको निम्ति परमेश्वरको योजना

**येशूलाई धरापमा पार्न यहूदी धर्मका धुरन्धर पण्डित फरिसीहरूले पारपाचुकेको बारेमा उहाँसँग विवाद गर्न खोजेका थिए। तिनीहरूको प्रश्न वा विवादलाई येशूले कसरी प्रत्युत्तर दिनुभयो? हेर्नुहोस्, मर्कूस १०:१-१२ साथै उत्पत्ति १:२७ र २:४४।**

**"१ त्यस ठाउँलाई छोड़ेर यर्दन नदीको पारि यहूदियाको इलाकामा येशू जानुभयो र भीड उहाँकहाँ भेला भयो, अनि उहाँको रीतिअनुसार तिनीहरूलाई फेरि उहाँले शिक्षा दिनुभयो। २ फरिसीहरू उहाँकहाँ आएर उहाँलाई परीक्षा गरी सोधे, "के कोही मानिसले आफ्नी पत्नीसँग विवाहविच्छेद गर्नु न्यायसङ्गत छ? ३ उहाँले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, "मोशाले तिमीहरूलाई के आज्ञा दिएका छन्।" ४ तिनीहरूले भने, "एउटा त्यागपत्र लेखेर मानिसले आफ्नी पत्नीसँग विवाहविच्छेद गर्न सक्छ भनी मोशाले अनुमति दिएका छन्।" ५ तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूका हृदयको कठोरताले गर्दा उनले तिमीहरूलाई यो आज्ञा लेखिदिए। ६ तर सृष्टिको आरम्भदेखि परमेश्वरले तिनीहरूलाई नर र नारी गरी बनाउनुभयो। ७ 'यसैकारण मानिस आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, ८ र ती दुई जना एउटै शरीर हुनेछन्।' तिनीहरू फेरि दुई होइनन्, तर एउटै शरीर हुन्छन्। ९ यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, मानिसले नछुट्ट्याओस्।" १० घरमा हुँदा चेलाहरूले फेरि यस विषयमा येशूलाई सोधे। ११ उहाँले तिनीहरूलाई भन्नुभयो, "जसले आफ्नी पत्नीसँग विवाहविच्छेद गरेर अर्कीसँग विवाह गर्छ, त्यसले तिनको विरुद्ध व्यभिचार गर्छ। १२ अनि यदि स्त्रीले आफ्नो**

श्रीमान्सँग विवाहविच्छेद गरेर अर्कोसँग विवाह गर्छे भने, तिनले व्यभिचार गर्छे।" मर्कूस १०:१-१२, "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।" उत्पत्ति १:२७ र "२० अनि मानिसले नै सबै पालिने पशु, आकाशका पन्क्षी र सबै वन-पशुहरूका नाउँ राखे। तर आदमको* निम्ति तिनलाई सुहाउँदो कोही सहयोगी पाइएन। २१ यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। २२ जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो। २३ मानिसले भने, "यो त मेरै हाड़को हाड़ र मासुको मासु हो। तिनलाई स्त्री भनिने छ। किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्।" २४ यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्।" उत्पत्ति २:२०-२४।

के आफ्नी पत्नीलाई त्यागन बाइबलको नीति अनुसार न्यायसङ्गत छ कि भनेर धर्मगुरू फरिसीहरूले येशूलाई सोधेका थिए। ती फरिसीहरूको बिचमा पारपाचुके न्यायपूर्ण नै छ भनेर विश्वास गर्दथे। तर प्रश्नमा कुन आधारमा पारपाचुके गर्न ठिक छ भनेर सोधिएको थियो। यहूदी धर्ममा विभिन्न सम्प्रदायहरू थिए। तिनीहरूमा पारपाचुकेको विषयमा शमै सम्प्रदाय बढि कठोर थियो। यदि पत्नी बाँझी भइन्, घर व्यवहारमा बेवास्ता गरे, घरपरिवारप्रति संवेदनशील भएन र तिनीहरूको आवश्यकतामा ध्यान दिएन र पतीब्रत नभइ अरूहरूसँग लागे त्यस पत्नीलाई त्यागनुपर्छ भनेर त्यस सम्प्रदायको शिक्षा थियो। हिलेल सम्प्रदायका मानिसहरूको धार्मिक शिक्षा धेरै लचिलो थियो। जे कारणले पनि पारपाचुके गर्न सकिन्छ भन्ने तिनीहरूको विद्या थियो। तर तिनीहरूमा पारपाचुके गर्ने प्रक्रिया धेरै जटिल थियो जसले गर्दा पारपाचुकेको फैसला ढिलो हुन्थ्यो।

त्यसकारण, ती फरिसी पण्डितहरूले येशूलाई पारपाचुकेको सम्बन्धमा सोधेको प्रश्न घुमाउरो पारा भएतापनि यहूदीहरूको बिचमा पारपाचुके हुनु स्वीकार्य छ कि छैन भनेर उहाँको धारणा जान्न चाहेका थिए। येशूले यो प्रश्नलाई अनौठोको रूपमा लिनुभएको थियो। त्यस प्रश्नले येशूलाई धरापमा पारेर राजा हेरोद आन्टिपासबाट दण्ड पाऊन् भन्ने ती पण्डितहरूले चाहेका

थिए। पूर्वी यर्दनको क्षेत्रमा त्यसबेला येशू हुनुहुन्थ्यो। त्यस क्षेत्रमा राजा हेरोदले शासन गर्थे। त्यस हेरोदले आफ्नी श्रीमतीसँग पारपाचुके गरेर आफ्नो भाइबुहारीसँग विवाह गरेका थिए। त्यो सम्बन्ध गलत थियो भनेर बप्तिस्मा दिने यूहन्नाले आपत्ति जनाउँदा उनले आफ्नो शिर गुमाउनु परेको थियो (मत्ती १४:१-१२)।

येशूले तिनीहरूको प्रश्नको जवाफबाट हेरोदको रिस छल्न उहाँले ती फरिसीहरूलाई प्रश्नै गरेर जवाफ दिनुभएको थियो। सर्वमान्य मोशाले पारपाचुकेको मामिलामा के आदेश दिएका थिए भनेर उहाँले तिनीहरूलाई सोध्नुभएको थियो। जुन जवाफ फरिसीहरूले दिए त्यो व्यवस्था २४:१-४को आधारमा थियो। यसमा पारपाचुके पछि त्यही पत्नीलाई विशेष कारणले विवाह गर्नुहुन्छ कि हुँदैन भनेर सम्बोधन गरिएको छ। मोशाकै समयमा इस्राएलीहरू पारपाचुके गर्ने चलन चलिरहेको थियो। व्यवस्था २४मा उल्लेखित कानुनले महिलाहरूको हित र सुरक्षा गर्थ्यो। तर येशूको समयमा हिलेल पन्थी यहूदीहरूले त्यस व्यवस्थामा भएको नीतिलाई बँग्याएर जुनसुकै कारणले भएतापनि पारपाचुके गर्न सजिलो बनाएको थियो। यसरी महिलालाई सुरक्षा गर्न दिएको कानुन वा व्यवस्था दुरुपयोग गरी पुरुषको हितमा कार्यान्वयन गरिएको थियो। महिलाको हक र अधिकारलाई दवाएको थियो।

व्यवस्था २४ को नियमको बारेमा वादविवाद येशूले तिनीहरूसँग आदर्श विवाहको मामिलामा परमेश्वरो सुरुको योजना के थियो भनेर तिनीहरूलाई सोध्नुभएको थियो। तिनीहूको जवाफ उत्पत्ति १ र २को आधारमा हुनुपर्ने अपेक्षा गरिएको थियो। सुरुमा परमेश्वरले नर र नारी सृष्टि गर्नुभयो भनेर उहाँले भन्नुभएको थियो (उत्पत्ति १:२७)। तिनीहरू दुई व्यक्तित्व भएका जीवहरू थिए। अनि यस सत्यलाई उत्पत्ति २:२४सँग गाँस्नुहुन्छ। यसमा पुरुषले आफ्ना बाबुआमालाई छोडेर उसको स्त्रीसँग एक हुन जान्छ र ती दुई, दुई फरक व्यक्तित्व नभएर एकै व्यक्तित्व वा शरीर हुन्छ भनेर उहाँले जिकिर गर्नुभएको थियो। श्रीमान् र श्रीमती एक हुने धारणाले वैवाहिक सम्बन्धमा हुनुपर्ने आधारलाई येशूले समर्थन गर्नुभएको थियो। परमेश्वरले नै एक बनाउनुभएको सम्बन्धलाई कसैले अलग गर्ने अधिकार छैन भनेर येशूल  अडान लिनुभएको थियो।

*वैवाहिक जीवन बलियो पार्न तपाईंको चर्चले के गर्न सक्छ? वैवाहिक जीवन असफल भइरहेको विश्वासीहरूलाई तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?*

## २. येशू र साना बालबालिकाहरू

**येशूकहाँ ल्याएका साना बालबालिकाहरूलाई उहाँले के गर्नुभएको थियो? हेर्नुहोस्, "१३ मानिसहरूले साना बाल-बालिकाहरूलाई येशूले छोइदेऊन् भन्ने उद्देश्यले उहाँकहाँ ल्याए, तर चेलाहरूले तिनीहरूलाई हकारे। १४ तर यो देखेर येशू रिसाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो। १५ साँच्चै म तिमीहरूलाई भन्दछु, जसले परमेश्वरको राज्यलाई एउटा सानो बालकले जस्तै ग्रहण गर्दैन, त्यो कदापि त्यसभित्र पस्नेछैन।" १६ अनि उहाँले तिनीहरूलाई काखमा लिएर तिनीहरूमाथि आफ्नो हात राखी तिनीहरूलाई आशीर्वाद दिनुभयो।" मर्कूस १०:१३-१६।**

पौराणिक समयमा बाल–बालिकाहरूको चाहना गरेतापनि विशेष गरेर पुरुष प्रधान समाज भएकोले केटाहरूलाई मन पराएतापनि बच्चाहरूको जन्म र मृत्यु सहज थिएन अर्थात् त्यस समयमा बालबालिकाहरूको जीवन रमाइलो थिए। आधुनिक उपचारको अभावमा भर्खर जन्मिएका बच्चा, शिशु र बालबालिकाहरूलाई हुर्काउनु आमाहरूको निम्ति जोखिम पूर्ण थियो। कतिपय समाजमा तिनीहरूलाई दुष्ट तत्त्वहरूबाट जोगाउन अर्कौं जन्त्रहरू भिराउँथे र परम्परा औषधीहरूले उपचार गरिन्थ्यो।

बालबालिकाहरूलाई मन पराएतापनि तिनीहरू समाजमा तल्लो स्तरमा गनिन्थ्यो। तिनीहरूलाई दासहरूकै तहमा राखिन्थ्यो (गलाती ४:१,२)। तत्कालिन ग्रीक र रोमी सभ्यतामा अपाङ्ग र नचाहेका बालबालिकाहरू छिटै मरेको चाहन्थे वा नदीमा जिउँदै फ्याँकिन्थे। केटीलाई भन्दा केटा मूल्यवान ठानिन्थ्यो। कतिपय समयमा भर्खर जन्मेका बालिकाहरूलाई त्यसै मर्न दिइन्थ्यो वा बाटोघाटोमा फ्याँकिन्थ्यो। तिनीहरूलाई कसैले उद्धार गरेर पालेतापनि तिनीहरूलाई दासीको रूपमा हुर्काएर बेचिन्थ्यो।

परमेश्वरको राज्यमा पस्न बालक जस्तो हुनुपर्छ भन्ने येशूको शिक्षालाई (मर्कूस ९:३३-३७) चेलाहरूको दिमागमा घुसाउन नसकेको जस्तो देखिन्छ। येशूकहाँ आशिष दिन ल्याएका बालबालिकाहरूलाई तिनीहरूले हप्काएको थिए। साना बालबालिकाहरूलाई समय दिन येशूको फुर्सद हुन्दैन भनेर ती

चेलाहरूले सोचेका थिए। साना केटाकेटीहरूसँग हेमचेम गर्ने जस्ता सानो काममा येशूको समय नै हुन्दैन भन्ने मनस्थितिमा ती चेलाहरू थिए।

तर तिनीहरूको सोचै गलत थियो। चेलाहरूले तिनीहरूलाई धपाएकोले येशू तिनीहरूसँग रिसाउनुभएको थियो। येशूले ठूला मानिसहरूसँग अन्तर्क्रिया गरिरहनुभएको र शिक्षा दिइरहनुभएको मर्कूसभरि लेखिएको छ। जब चेलाहरूले बालबालिकाहरूलाई धपाए तब येशूले ती चेलाहरूको व्यवहार प्रति घोर आपत्ति जनाउनुभएको थियो।

बालबालिका र येशूको बिचमा चेलाहरू खडा हुनुहुन्न भनेर येशूले ठुलो जिकिर गर्नुभएको थियो। किन त? परमेश्वरको राज्य तिनीहरूको हो र कोही मानिस परमेश्वरको राज्यमा हुलिन चाहन्छ भने उसको मिजास, मनस्थिति बालबालिकाहरू जस्तो हुनुपर्छ भनेर येशूले सिकाउन चाहनुभएको थियो। तिनीहरूको सरलता र परमेश्वर प्रति भरपर्ने स्वभाव येशूको निम्ति स्वीकार्य थियो।

"तपाईंको येशू सहमत नभएको स्वभावले येशूलाई गलत प्रतिनिधित्व नगरियोस्। तपाईंको खस्रो, चिसोपना र बालबालिकाहरूलाई हेप्ने बानी वा संस्कार तपाईंहरूमा कहिल्यै पनि देखा नपरोस्। तपाईं तिनीहरूसँग स्वर्गमा रहनुपरे त्यो ठाउँ रमाइलो हुनेछैन भन्ने प्रभाव तिनीहरूलाई कहिल्यै नदिनुहोस्। बालबालिकाहरूले बुझ्न नसक्ने गरेर धर्मको बारेमा तिनीहरूको सामु चर्चा नगर्नुहोस्। बालबालिकाहरू सानो भएकोले तिनीहरूको निम्ति ठाउँ हुँदैन भनेर येशूले ठान्नुहुन्छ भन्ने आभास तिनीहरूले कहिल्यै नपाऊन्। येशूको धर्म नियास्रो, उदासिन, नरमाइलो र उहाँकहाँ आउँदा तिनीहरूले आनन्द र रमाइलो गर्ने सबै थोकहरू त्यागनुपर्छ भन्ने मनस्थितिले तिनीहरूलाई कहिल्यै पनि प्रभाव नपार्नुहोस्।"-एलेन जी. ह्वाइट, *मिनिस्ट्री अभ हिलिङ्ग,* पृ. ४३,४४।

***तपाईंका वरिपरि रहेका बालबालिकाहरूलाई येशूको बारेमा कसरी उत्तम चित्रण गरेर प्रकट गर्न सक्नु हुन्छ?***

## ३. उत्तम र लाभप्रद लगानी

**येशू प्रतिको विश्वास, आस्था र उहाँलाई पछ्याउँदा चुकाउनुपर्ने मोलको बारेमा निर्णायक पाठहरू मर्कूस १०:१७-३१मा कसरी सिकाइएको छ? ती पाठहरू चाहे धनीको निम्ति होस् चाहे गरिबको निम्ति होस् सबैलाई लागु हुन्छ। हेर्नुहोस्, " १७ येशू बाटोमा जाँदैहुनुहुँदा, एक जना मानिस दौड़ेर आई उहाँको**

अगि घुँडा टेक्यो, र उहाँलाई सोध्यो, "हे असल गुरु, अनन्त जीवन प्राप्त गर्नलाई मैले के गर्नुपर्छ?" १८ येशूले त्यसलाई भन्नुभयो, "तिमी किन मलाई असल भन्छौ? एकमात्र परमेश्वरबाहेक अरू कोही असल छैन। १९ तिमी आज्ञाहरू त जान्दछौ– अर्थात्, हत्या नगर्नू, व्यभिचार नगर्नू, नचोर्नू, झूटा गवाही नदिनू, नठग्नू, आफ्ना बुबा र आमालाई आदर गर्नू।" २० अनि त्यसले उहाँलाई भन्यो, "गुरुज्यू, यी सबै त मैले मेरो युवावस्थादेखि नै पालन गरेको छु।" २१ येशूले त्यसलाई हेर्नुभयो, र त्यसलाई माया गरेर भन्नुभयो, "तिमीलाई अझ एउटा कुराको अभाव छ। जाऊ, र तिम्रा जे-जति छन् बिक्री गर र गरीबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पत्ति मिल्नेछ। अनि आएर मेरो पछि लाग।" २२ तर यस कुराले त्यसको अनुहार उदासिलो भयो, र त्यो दुःखित भएर गइहाल्यो, किनभने त्यससित धेरै धन-सम्पत्ति थियो। २३ अनि वरिपरि हेरेर येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, धनीहरूलाई परमेश्वरको राज्यमा पस्नु कति कठिन छ।" २४ उहाँले भन्नुभएको यस कुरामा चेलाहरूले अचम्म माने। तर येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "बालक हो, धनसम्पत्तिमाथि भरोसा राख्नेहरूलाई परमेश्वरको राज्यभित्र पस्नु कति कठिन छ। २५ धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा त बरु सियोको नाथ्रीबाट ऊँटलाई छिर्न सजिलो हुन्छ।" २६ तिनीहरू ज्यादै अचम्मित भए र उहाँलाई भने, "त्यसो भए को बाँच्न सक्छ?" २७ येशूले तिनीहरूलाई हेरेर भन्नुभयो, "मानिसहरूका निम्ति त यो असम्भव छ, तर परमेश्वरको लागि छैन, किनकि परमेश्वरको निम्ति सबै कुरा सम्भव हुन्छ।" २८ पत्रुसले उहाँलाई भने, "हेर्नुहोस्, हामीले सबै छोड्यौं, र तपाईंको पछि लागेका छौं।" २९ येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, जसले मेरो निम्ति र सुसमाचारको खातिर घर वा दाजुभाइ वा दिदी-बहिनी वा आमा-बुबा वा छोरा-छोरीहरू वा जग्गाजमिन छोड्छ, ३० त्यसले सतावटको साथसाथै सय गुणा बढ़ी घर, दाजुभाइ, दिदी-बहिनी, आमा, छोरा-छोरी र जग्गाजमिन यसै समयमा पाउनेछ, अनि आउँदो युगमा अनन्त जीवन। ३१ तर धेरै पहिला हुनेहरू पछिल्ला, र पछिल्ला हुनेहरूचाहिँ पहिला हुनेछन्।"

जुन तरिकाले येशूकहाँ त्यस धनी मानिस आए उनले येशूलाई इमान्दारितासाथ आदर गरेका थिए भनेर देखाउँछ। त्यो मानिस येशूकहाँ दगुरेर आउँछ र उहाँको सामु घुँडा टेक्दछन्। उनले एउटा निर्णायक प्रश्न गर्छन् जुन प्रत्येक मानिसको भविष्यलाई निर्धारण गर्दछ–अनन्त जीवनमा सहभागी हुन मैले के के गर्नुपर्छ? दश आज्ञाको दोस्रो भागलाई औंल्याएर

येशूले उनलाई जवाफ दिनुहुन्छ। आफू सानैदेखि ती आज्ञाहरू पालन गरेको भनेर आफ्नो आदर्श जीवन वा आफू कति न कतिको असल छ भनेर उनले औंल्याउँछन्।

यस कथालाई उल्लेख गरिएका चारै सुसमाचार पुस्तकमा मर्कूसले मात्र येशूले माया गर्नुभएको थियो भनेर उल्लेख गरिएको छ। यो मानिसको आदर्श चरित्र प्रभाव पार्ने देखिन्छ। तर त्यो मानिस कतिको इमान्दारी छ भनेर प्रमाणित गर्न उहाँले उनको सबै थोक बेचेर उहाँको पछि लाग्न उहाँले भन्नुहुन्छ। त्यो मानिस अत्यन्तै निराश भएर फर्किन्छ किनकि ऊ धेरै धनी थियो र उसँग अथाह सम्पत्ति थियो। तर केलाएर हेरियो भने उनले आज्ञाहरू पालन गरेकै थिएन। उनले पहिलो आज्ञा त तोडेकै थियो। उनको जीवनमा परमेश्वरलाई भन्दा आफ्नो धनसम्पत्तिलाई प्राथमिकता दिएका थिए। त्यो उनको निम्ति मूर्ति नै थियो। आफ्नो धनसम्पत्ति उसको निम्ति भगवान नै थियो।

धनसम्पत्ति र त्यो जम्मा गर्ने प्रवृत्ति कतिको मोह लाग्दोछ भनेर येशूले व्याख्या गर्नुभएको थियो। अझ उहाँले यो भन्न पनि हिचकिचाउनुभएनः बरु उँट वा हात्ती सियोको सानो प्वालबाट छिर्न सक्छ तर धनी मानिस परमेश्वरको राज्यमा पस्न मुश्किल हुन्छ।

येशूको त्यस वचनदेखि चेलाहरू चकित भए। त्यसो भए स्वर्गमा को पस्न सक्ला वा मुक्ति पाउन सक्ला भनेर एक आपसमा गनगनाए। येशूले तिनीहरूको दिमागै खलबलाउने गरेर तिनीहरूलाई झट्का दिँदै यो भनाइ व्यक्त गर्नुभयो, "मानिसको निम्ति त असम्भव हुन्छ तर परमेश्वरको निम्ति हुँदैन। परमेश्वरको निम्ति सबै थोकहरू सम्भव छ।" (पद २७)।

यो प्रसंग मर्कूस १०:२७ मै मात्र अन्त्य भएको भए उचित देखिन्थ्योः तपाईंले आफ्नो धनसम्पति थुपारेर, धन खर्च गरेर धर्मकर्म गरेर र आफ्नै प्रयासमा स्वर्ग जान सक्नुहुन्न। तपाईंलाई परमेश्वरको अनुग्रहको आवश्यकता छ यदि तपाईंले अनन्त जीवन वा अजम्मरी जीवन चाहनुहुन्छ भने।

तर पत्रुसले आफूभित्र रहेको सोचलाई यसरी प्याच्च बोल्छन्ः हेर्नुहोस् मैले र मेरा साथीहरूले सबै थोक त्यागेकाछौं र तपाईंको पछि लागेका छौं। तर येशूले तिनीहरूलाई यो सुनाउनुहुन्छः आउने युगमा तिमीहरूले पाउनेको तुलनामा तिमीहरूले केही पनि त्यागेका छैनौ।

येशूले भन्नुभएको मूख्य विषयवस्तु यो होः मानिसमा भएको पाप र दोषी मनस्थिति येशूको मृत्युले सफा गर्न सक्छ, र अनि येशूको अनुग्रह र पुनरुत्थानले उहाँका आज्ञाहरू पालन गर्न शक्तिसम्पन्न गराइन्छ।

*रोमी ६:१-१४ पढ्नुहोस्। हाम्रो जीवनमा परमेश्वरको अनुग्रह केवल मनगढन्ते, अवधारणा वा दिमागमा बिलाउने नभएर वास्तविक नै हो भनेर ती पदहरूले कसरी औंल्याउँछन्? हामीलाई निर्दोष सावित गर्न र उहाँका नयाँ जन हुन हामीलाई उहाँको अनुग्रहको आवश्यकता हो भनेर पनि ती पदहरूले सिकाउँदछन्। हेर्नुहोस्, "१ अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहौं त? २ त्यसो नहोस्! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड्डौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। ८ तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। ९ हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन। १० जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ। ११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। १४ किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ।"*

## ४. के मेरो कचौरा पिउन सक्छौ?

यस संसारमा आउनुभएको येशूको लक्ष र उहाँको पछि लाग्नु भनेको केहो सो चेलाहरूले बुझ्न सकेका थिएनन्। यो मर्कूस १०:३२-४५मा प्रकट गरिएको छ। हेर्नुहोस्, "३२ उहाँहरू यरूशलेमतिर जाँदैहुनुहुन्थ्यो, र येशू तिनीहरूका अगिअगि हिँड़िरहनुभएको थियो। चेलाहरू अचम्मित थिए, र अरू पछिपछि आउनेहरू भयभीत थिए। तब उहाँले बाह्रै चेलाहरूलाई फेरि एकातिर लगेर आफूमाथि परिआउने कुराहरू तिनीहरूलाई सुनाउनुभयो। ३३ उहाँले भन्नुभयो, "हेर, हामी यरूशलेमतिर जाँदैछौं। त्यहाँ मानिसको पुत्रलाई मुख्य पूजाहारीहरू र शास्त्रीहरूकहाँ सुम्पिदिइनेछ, र तिनीहरूले उसलाई मृत्युदण्ड दिनेछन्, र अन्यजातिहरूका हातमा सुम्पिदिनेछन्। ३४ अनि तिनीहरूले उसलाई गिल्ला गर्नेछन् र उसलाई थुक्नेछन्, उसलाई कोर्रा लगाउनेछन् र उसलाई मार्नेछन्। तर तीन दिनपछि ऊ फेरि जीवित भई उठ्नेछ।" ३५ जब्दियाका दुई छोराहरू, याकूब र यूहन्ना उहाँकहाँ आएर भने, "गुरुज्यू, हामी तपाईंसँग जे माग्छौं तपाईंले हाम्रा निम्ति गरिदिनुहोस् भन्ने हाम्रो इच्छा छ।" ३६ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरूका निम्ति म के गरिदिऊँ भन्ने तिमीहरूको इच्छा छ?" ३७ तिनीहरूले उहाँलाई भने, "तपाईंको महिमामा हामीमध्ये एक जना तपाईंको दाहिनेपट्टि र अर्को तपाईंको देब्रेपट्टि बस्न पाउने मन्जूरी हामीलाई दिनुहोस्।" ३८ तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू के माग्दछौ सो तिमीहरू जान्दैनौ। के जुन कचौरा म पिउँछु, त्यो तिमीहरू पिउन सक्छौ? अथवा जुन बप्तिस्मा मैले लिएको छु, त्यो बप्तिस्मा तिमीहरू लिन सक्छौ?" ३९ तिनीहरूले उहाँलाई भने, "हामी सक्छौं।" येशूले तिनीहरूलाई भन्नुभयो, "जुन कचौरा म पिउँछु त्यो तिमीहरू पिउनेछौ, र जुन बप्तिस्मा मैले लिएको छु त्यो बप्तिस्मा तिमीहरू लिनेछौ। ४० तर मेरो दाहिनेपट्टि र मेरो देब्रेपट्टि बस्न दिनुचाहिँ मैले दिने होइन, यो त जस-जसको निम्ति तयार भइराखेको छ, तिनीहरूकै निम्ति हो।" ४१ यो सुनेर दशै जना चेलाहरू याकूब र यूहन्नासँग रिसाए। ४२ तब येशूले तिनीहरूलाई आफूकहाँ बोलाएर भन्नुभयो, "तिमीहरू जान्दछौ कि अन्यजातिहरूमाथि शासन गर्नेहरूले तिनीहरूमाथि अख्तियार चलाउँछन्। अनि तिनीहरूका ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार चलाउँछन्। ४३ तिमीहरूमा चाहिँ त्यसो हुनुहुँदैन। तर तिमीहरूमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्दछ। ४४ अनि तिमीहरूमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ। ४५ किनकि मानिसको पुत्र सेवा पाउन

**होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।"**

आफ्नो यात्रामा येशू यरुशलेमको नजिक आउँदै हुनुहुन्थ्यो। अनि, उहाँले चेलाहरूलाई त्यहाँ के हुनेछ भनेर खुला रूपमा सुनाउनुभएको थियो। येशूलाई त्यो बिपद् आउने खबर तिनीहरूले सुन्न पनि चाहेका थिएनन् न त विश्वास गर्न। आफूलाई दिने कष्ट, मृत्यु दण्ड र उहाँको पुनरुत्थानको भविष्यवाणीको रुपरेखा चेलाहरूलाई प्रस्तुत गर्नुभएको उल्लेखनीय छ। तर कसैले सुन्न नचाहेको खबर केही छ त्यसलाई बेवास्ता गर्नु सजिलो नै हुन्छ।

यही स्थिति याकूब र यूहन्नाको थियो जब उहाँले येशूकहाँ व्यक्तिगत अनुरोध गर्दै आएका थिए। खास के अनुरोध थियो भनेर येशूले तिनीहरूलाई सोध्नु भएको थियो। उहाँको महिमामा वा राज्यमा उहाँको दायाँ र बायाँ बस्ने चाहना गरेका थिए। तिनीहरूको अनुरोधमा तिनीहरूले भाउ खोजेको भनेर तिनीहरूको आलोचना गर्न सजिलो छ। तर ती दुई चेलाहरूले येशूको सेवाकार्यमा आफूहरूलाई सुम्पेका थिए र उहाँसँग आउने युगमा पनि बस्ने चाहनामा पूरै स्वार्थ छ भन्न मिल्दैन।

तिनीहरूको अनुरोधको गहिरो अर्थ के हो भनेर तिनीहरूले बुझून् भन्ने येशूले चाहनुभएको थियो। तिनीहरूले उहाँको कचौरा (कष्ट) पिउन सक्छ कि र उहाँको बप्तिस्मामा (मृत्यु)मा बप्तिस्मा लिन सक्छन् कि भनेर उहाँले तिनीहरूलाई सोध्नुभएको थियो। खास गरेर उहाँले पिउने कचौरा गेतसमनीमा र क्रूसमा उहाँले पाउने कष्ट थियो (मर्कूस १५:३३-४७सँग तुलना गर्नुहोस्), र उहाँको बप्तिस्मा भनेको उहाँको मृत्यु र चिहानमा गाडिने थियो (मर्कूस १५:३३-४७)। यो प्रसङ्ग मर्कूस १मा वर्णन गरिएको येशूको बप्तिस्मासँग तुलना गर्न सकिन्छ।

तर याकूब र यूहन्नाले बुझ्न सकेनन्। तिनीहरूले येशूको स्थितिमा आफूहरू पनि सहभागी हुन सक्छन् भनेर नबुझिकनै जवाफ दिएका थिए। तिनीहरूले कचौरा पिउनेछन् र उहाँको बप्तिस्मामा भाग लिनेछन् भनेर येशूले भविष्यवाणी गर्नुभएको थियो। चेलाहरूमा याकूब पहिला शहीद भएका थिए (प्रेरित १२:२)। यूहन्ना लामो समयसम्म बाँचेका थिए र उनलाई पाटमोसको टापुमा निर्वासनमा पठाइएको थियो (प्रकाश १:९)। तर महिमामा पाउने स्थानहरू परमेश्वर पिताले नै निर्धारण गर्नुहुन्छ भनेर येशूले तिनीहरूलाई सुनाउनुभएको थियो।

येशूको जवाफ प्रति अरू चेलाहरूले कसरी प्रतिक्रिया देखाए त? त्यो राम्रो थिएन। तिनीहरू रिसाएको र चिढिएको शब्द ग्रीकमा आगनाक्ट्यो aganakteo हो। यही शब्द मर्कूस १०:४१ र मर्कूस १०:१४मा प्रयोग गरिएको छ। बालबालिकाहरूलाई उहाँबाट टाढा राखेकोले उहाँ चेलाहरूसँग रिसाउनुभएको थियो। अनि सबै चेलाहरूलाई भेला गराएर येशूले दिनुभएको शिक्षामा एउटा अत्यन्तै उल्लेखनीय शिक्षा दिनुभएको थियो। अन्य जाति अर्थात् परमेश्वरलाई विश्वास नगर्ने शासकहरूले आफ्ना व्यक्तिगत फाइदाको निम्ति अरूलाई  दवाएर अख्तियार वा शक्ति प्रयोग गर्छन्।तर परमेश्वरको राज्यमा अरूलाई उचाल्न र आशिष दिन शक्ति वा अधिकार प्रयोग गरिन्छ। परमेश्वरको राज्यमा आफू राजा हुँदै उहाँका भक्तहरूलाई अगुवाइ गर्नुहुन्छ। तर कसरी? धेरैको फिरौती तिर्न उहाँले आफ्नो ज्यान दिएर। यो उहाँका चेलाहरूले सुन्न अपेक्षा गरेका थिएनन्।

***येशूभक्त भएर अरूको सेवक हुनुको अर्थ के हो? तपाईंले आफ्नो दैनिक जीवनमा अरूसँग कारोबार गर्ने मामिलाबाट तपाईं तिनीहरूको सेवक हो भन्ने नीति कसरी प्रकट गर्न सक्नुहुन्छ?***

## ५. "तिम्रो निम्ति मैले के गर्न चाहेको तिमी चाहन्छौ?"

**जब येशू हिंड्दै हुनुहुन्थ्यो, अन्धो बर्तिमियासले उहाँसँग दयाको भिष माग्यो। जब येशूले उसको नजिक आउनुभयो र उसलाई के गर्ने भनेर सोध्नुभयो तब उसको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, "४६ त्यसपछि उहाँहरू यरीहोमा आउनुभयो, र उहाँ आफ्ना चेलाहरू र ठूलो भीड़सहित यरीहोबाट निस्कनुहुँदा तिमैको छोरो बारतिमै, एक जना अन्धो भिखारी, बाटोको किनारमा बसिरहेको थियो। ४७ जब त्यसले उहाँ नासरतका येशू हुनुहुन्छ भन्ने सुन्यो, तब कराएर त्यसले भन्न लाग्यो, "हे येशू, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" ४८ तब धेरैले त्यसलाई चूप लागोस् भनेर हप्काए। तर त्यो झन् चर्को गरी कराउन लाग्यो, "हे दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्।" ४९ तब येशू टक्क अड़िनुभयो र भन्नुभयो, "त्यसलाई बोलाओ।" अनि तिनीहरूले त्यस अन्धालाई यसो भनेर बोलाए, "ढाड़स गर, उठ्, उहाँले तँलाई बोलाउँदैहुनुहुन्छ।" ५० अनि आफ्नो खास्टो फालेर त्यो जुरुक्क उठ्यो र येशूकहाँ आयो।  ५१ येशूले त्यसलाई भन्नुभयो, "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरूँ?" त्यस अन्धो मानिसले उहाँलाई भन्यो, "रब्बी, म दृष्टि पाऊँ।" ५२ अनि येशूले त्यसलाई**

**भन्नुभयो, "तिम्रो बाटो लाग। तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।" तब तुरुन्तै त्यसले दृष्टि पायो, र बाटोमा येशूको पछिपछि लाग्यो। मर्कूस १०:४६-५२।**

येशूले अहिलेसम्म उहाँका अलौकिक काम र उहाँ को हुनुहुन्छ भनेर नभनु भनेर प्रायजसो मानिसहरूलाई भन्नुहुन्थ्यो। तर कहिलेकाहीँ उहाँको कामको किर्ती फैलाएकोमा उहाँले आपत्ति जनाउनु भएको थिएन न त रोक्नुनै भयो। तर बर्तिमियासको कथामा उहाँले उसलाई चुपलाग भन्नुभएन। येशू यरिहो सहरबाट बाहिर हिंडिरहेको बेलामा बाटोमा एक जना भिष मागेर बसेको अन्धो मानिसले उहाँ आउँदै हुनुहुन्छ भन्ने थाहा पायो। नाजरथका येशू आइरहनुभएको उसले थाहा पाएपछि ऊ चिच्याउन थाल्यो, "हे दाउदको पुत्र येशू, ममाथि दया गर्नुहोस्!" येशू को हुनुहुन्छ भनेर प्रकट नगरियोस् भन्ने मर्कूसको पुस्तकको मनशाय भएकोले होला भिड उसलाई चुप लाग भनेर दवाव दियो। त्यो भिखारी हल्लीखल्ली गरेर चिच्याइरहेको थियो। भिडले उसलाई चुप लाग भनेर कर गरेपनि बर्तिमास डगमगाएन र झन ठुलो स्वरले चिच्याउन थाल्यो, "हे दाउदका पुत्र, ममाथि दया देखाउनुहोस्!" उसको सम्बोधनले येशू मसीह हुनुहुन्छ र उहाँले निको पार्नुहुन्छ भन्ने उसको विश्वास थियो भनेर देखाउँदछ। "दाउदको पुत्र" भन्ने शिर्षक येशूको समयमा दुई धारणाको बारेमा बुझाउँथ्यो-इस्रायलको गद्दीमा राजाको पुनर्स्थापना (यशैया ११; यर्मिया २३:५,५; यर्मिया ३३:१५; इजकिएल ३४:२३,२४; इजकिएल ३७:२४; मीका ५:२-४; जकरिया ३:८; जकरिया ६:१२), र रोग निको पार्ने र दुष्ट आत्मा धपाउन सक्ने व्यक्ति।

अन्धो, गरिब र माग्ने भिषारीले बोलाउँदा, सारा जगतका स्वामी येशू रोक्नुहुन्छ र त्यस अन्धोलाई उहाँले बोलाउनुहुन्छ। त्यस अन्धो मानिस आफ्नो पछ्यौरा फ्याँकेर येशूकहाँ आउँछ। उसको यो चर्तिकलालाई अचम्म मान्नुपर्छ। येशूको समयमा अन्धा मानिसहरू समाजको तल्लो अर्थात् तिरस्कृत तहमा हुन्थे। तिनीहरूलाई विधवा र टुहुरा समान व्यवहार गरिन्थ्यो। तिनीहरू अत्यन्तै विपन्न वर्गका थिए र समाजले तिनीहरूलाई दुर्गति र अभागी भनेर व्यवहार गरिन्थ्यो। उसको पछ्यौरा शायद उसलाई सुरक्षा गर्ने एक मात्र थोक थियो होला। तर त्यसलाई छोडेर येशूकहाँ आउँदा येशूले उसलाई निको पार्न सक्नुहुन्छ भन्ने उसको विश्वास थियो भनेर प्रमाण गर्दछ।

येशूले उसलाई निराश पार्नुहुन्न र हेप्नुहुन्न बरु कदरै गर्नुहुन्छ। जो जो उहाँकहाँ सहयोगको निम्ति आए उहाँले सहयोग गर्नुभएको थियो भनेर

सुसमाचारका पुस्तकहरूमा लेखिएका छन्। मर्कूस १०:३६मा याकूब र यूहन्नालाई सोध्नुभएको प्रश्न जस्तै (मर्कूस १०:३६) येशूले उसलाई सोध्नुहुन्छ, "तिमी के चाहन्छौ, म तिम्रो निम्ति के गरूँ?" (मर्कूस १०:५१)। अलिकति पनि नहिचकिच्याइकन त्यस अन्धो मानिसले आफू देख्न सकूँ भनेर उहाँसँग माग्छ। येशूले उसको आँखालाई तुरुन्तै निको पार्नुहुन्छ। त्यो मानिस येशूको पछि पछि लाग्छ।

येशूको चेला हुनु भनेको के हो भनेर सिकाउने मर्कूसको पुस्तकमा यस कथाले अन्त्य गर्छ। मर्कूस ८:२२-२६मा एक जना अन्धो मानिसलाई निको भएकोबाट येशूको चेला हुनु भनेको के हो भनेर सुरु गर्छ भने बर्तिमासको कथाले चेला हुनु विद्यालाई समाप्त गर्दछ। दुवै कथाले सारा संसारलाई नयाँ दृष्टिले हेर्न सक्नु नै येशूको चेला हुनु हो भनेर बुझाउँछ। सुरुमा स्पष्ट नभएतापनि उहाँले कहाँ डोऱ्याउनु हुन्छ जाने प्रतिवद्धता प्रत्येक येशूभक्तमा हुनुपर्दछ।

***तपाईंले आफ्नो जीवनमा, "हे येशू, दाउदको पुत्र ममाथि दया देखाउनुहोस्" भनेर कराउनुभएको थियो कि? के भयो र त्यस अनुभवबाट तपाईंले के सिक्नुभयो?***

## उपसंहारः

**थप जानकारीः *द डिजाएर अभ एजेज,* पृ. ५११-५२३को ब्लेशिङ्ग द चिल्ड्रेन," र "वान थिङ्ग दाउ लाकेस्ट।"**

"येशूले बालबालिकाहरूलाई साऱ्है माया गर्नुहुन्थ्यो। तिनीहरूको स्नेह र स्वच्छ हृदयमा भएको प्रेम र दिल खोलेर बोल्ने बचपन मिजासलाई येशूले मन पराउनुहुन्थ्यो। तिनीहरूका शुद्ध ओठहरूबाट निस्केका आभारित प्रशंसा र भजन उहाँका कानहरूमा मिठो सङ्गित जस्तै हुन्थ्यो। चतुर, ढोंगी वा पाखण्डी, घमण्डी र अहमले मातिएका मानिसहरूको सम्पर्कमा आउँदा उहाँको हृदय वा आत्मा दविएको हुन्थ्यो तर बालबालिकाका सङ्गलो स्वरले उहाँलाई ताजा बनाउँथ्यो। मुक्तिदाता जहाँ जहाँ गएतापनि उहाँको निर्दोष र मायालु अनुहार, उहाँको कोमल र दयालु व्यवहारले बालबालिकाहरूका प्रेम र विश्वासलाई जितेको थियो।"-*द डिजाएर अभ एजेज्,* पृ. ५११।

"युवक शासक जस्तै उच्च ओहोदामा बसेका र धेरै धनसम्पत्ति भएको मानिसले ख्रीष्टलाई पछ्याउन सबै थोक छोड्नुपर्ने ठुलो त्याग गरेको भनेर देखिएला। तर येशूका चेला हुन यो आचारसंहिता सबैलाई लागु हुन्छ। यो भन्दा कमसल आज्ञा मान्ने मनस्थिति परमेश्वरको निम्ति स्वीकार्य छैन।

आफ्नो सबै स्वार्थलाई समर्पण गर्नु येशूका शिक्षाहरूको नीति हो। कतिपय समयमा परमेश्वरमा आत्मसमर्पण गर्नु वा जिउँदो बलि हुन भाषा कडा र अख्तियारले लाडेको जस्तो होला, तर अनन्त जीवनमा सहभागी हुन चाहन्छ आफ्नो स्वेच्छालाई त्यागनुको बिकल्प छैन। यदि धनी हुने, आफ्नो भाउ खोज्ने र अरूलाई दवाउने सांसारिक मिजासलाई दिमागमा खेलाइ राख्यो भने मानिसको सारा जीवन नै नैतिक पतनतिर अग्रसर गराउँदछ।"–*द डिजाएर अभ एजेज,* पृ. ५२३।

**चिन्तनमनन:**

**अ. बालबालिका, युवा र चर्चका विश्वासीहरू ख्रीष्टको नजिकमा रहन सहयोग गर्न तपाईंसँग के के उपायहरू छन्? यो हुन किन महत्त्वपूर्ण छ?**

**आ. पैसाको मतलब छैन भनेर कतिपयले भनेको हामी सुन्छौं। यो सत्य होइन। सबैलाई पैसाको मतलब छ। पैसा हुनु र पैसा कमाउनु गलत छैन। तर, पैसाले के समस्या ल्याउँदछ त? येशूका भक्तले पैसाको मामिलामा किन होशियारी अपनाउनु पर्दछ?**

**इ. यदि येशूले तपाईंलाई आज यो सोध्नुभयो भने, "तिम्रो लागि म के गर्न सक्छु?" त्यसको जवाफ तपाईंले कसरी दिनुहुन्छ?**

ई. **मर्कूसमा लेखिएको येशूको यो भनाइमा अझ ध्यान दिनुहोस्,** "तिमीहरू जान्दछौ कि अन्यजातिहरूमाथि शासन गर्नेहरूले तिनीहरूमाथि अख्तियार चलाउँछन्। अनि तिनीहरूका ठूलाठालुहरूले तिनीहरूमाथि अधिकार चलाउँछन्।तिमीहरूमा चाहिँ त्यसो हुनुहुँदैन। तर तिमीहरूमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्दछ। अनि तिमीहरूमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ। किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।" मर्कूस १०:४३-४५।

***उहाँले देखाउनभएको यो आचारसंहितालाई कसरी पालन गरेर देखाउने? यस संसारमा सबैले कदर चाहन्छन्, मान गरेको र सेवा गरेको चाहन्छन्। तर त्यसको विपरित येशूभक्तहरूले अरूको सेवा कसरी गर्ने? अरूसँग गरेको हाम्रो व्यवहारमा हामीले हाम्रो भाउ नखोजि अरूको भाउ खोजेको भन्ने आभास कसरी दिने?***

## कथा ८
## घर नै चर्चमा परिणत भएको, भाग ५

साबथ दिन आएपछि बाबुले आफ्नो वचन पालना गरे। आफ्नै आर्मेनियामा भएको घरमा बाबुले साबथको आराधना कार्यक्रम सुरु गरे। आमा र अनुशलाई सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा रोकेपछि बाबुले आफ्नै घरको बैठकमा साबथको दिन चर्चको कार्यक्रम सुरु गरे। साबथ स्कुलको निम्ति तिनीहरूले साबथ स्कुल पाठ अध्ययन गरे र सँगसँगै प्रार्थना गरे। अनुशले छोटो प्रवचन दिइन्।

घरमै आराधना गर्ने कार्यक्रमले धेरै महिनासम्म निरन्तरता पाइरहेको थियो। बाबु कहिल्यै पनि एडभेन्टिस्ट चर्चमा सरिक भएका थिएनन्। तर उनी आराधना कार्यक्रमलाई धेरै गम्भिर भएर सञ्चालन गर्न थाले। घरमा कोही पाहुना आए उनले तिनीहरूलाई बैठकमा बोलाउँथे। उनले बाइबल खोलेर सबैलाई सुनाउँथे, "हाम्रो आराधना कार्यक्रममा तपाईंहरूलाई स्वागत छ। आज साबथ दिन हो। तपाईंहरू हामीसँग सङ्गति गर्न सक्नुहुन्छ। यसरी पाहुनाहरूलाई घरमा आराधना कार्यक्रममा सरिक हुने चलन आर्मेनियाको थिएन। आर्मिनियामा पाहुनाहरूलाई अतिथी सत्कार गरेर तिनीहरूसँग भुल्नुपर्थ्यो। तर जब यस समय जब पाहुनाहरू आए र बुबाको कुरा सुने तिनीहरू चकित भए। त्यहाँ के भइरहेको छ सो तिनीहरूले ताजुब मान्न थाले।

जब परिवारले आराधना गर्न थाले तब बाबुले थाहा पाएकी उनलाई बाइबलको बारेमा त्यस्तो ज्ञान छैन। एक साबथ सबै मिलेर मत्ती ४ अध्याय पढे। सैतानले येशूलाई फसाउन खोज्दा उहाँले "यसरी लेखिएको छ," भनेर सैतानसँग येशूले प्रतिरोध गर्नुभएको थियो। उहाँको त्यो वचनले बाबु अत्यन्तै प्रभावित भए। यदि आफूलाई बाइबल थाहा छैन भने सैतानले उनलाई फसाउन खोज्दा त्यसको सामना कसरी गर्ने भनेर उनलाई थाहा नहुनेरहेछ भनेर उनले महसुस गरे। त्यस दिनदेखि उनले दिनदिनै बाइबल पढ्न थाले। जब उनले बाइबल पढ्न थाले तब तिनीहरू सातौं दिनमा नै किन आराधना गरिरहेको सो को जवाफ उनले पाउन चाहे। अर्मेनियामा धेरै इसाईहरूले आइतबार आराधना गर्दछन्।

अनुश र आमालाई एडभेन्टिस्ट चर्चमा कहिल्यै नपठाउने किरिया खाएका थिए। उनले आफ्नो वचन राख्न चाहेका थिए। अनुशले चर्चमा गरिने सेवाकार्यमा भाग लिन नपाउँदा उनलाई नियास्रो लागि रहेको थियो। तर उनले

त्यो भावना आफ्नै मनमा लुकाइ राखिन्। उनलाई थाहा थियो कि बाबुलाई प्रेम गर्ने उनको कर्तव्य हो। परमेश्वरले नै बाबुलाई सुझबुझ दिऊन् भन्ने चाहना उनले गरेकी थिइन्।

एक दिन आफ्नो सहरमा एडभेन्टिस्ट चर्चले साबथको दिनमा प्रभुभोज आयोजना गरिरहेको थियो भनेर अनुशले थाहा पाइन्। उनले त्यहाँ त्यस समारोहमा भाग लिन बाबुसँग अनुमति मागिन्, "के हामीलाई प्रभुभोजमा सरिक हुन अनुमति दिनुहुन्छ कि?"

"प्रभुभोज? त्यो त म पनि सञ्चालन गर्न सक्छु। तिमीहरूलाई थाहै छ," बाबुले जवाफ दिए।

**साबथमा कोही पनि प्रभुभोजमा सरिक भएनन्।**

अनि बाबु र आमा हजुरबुबा र हजुरआमा भए। अनुशकी ठुली दिदीले बिवाह गरेर घर छोडेकी थिइन्। अनि उनले बच्चा जन्माइन्। चर्चमा छोरीकी परिवार र सबै मिलेर बच्चाको निम्ति चर्चमा प्रार्थना गरेको आमाले थाहा पाइन्। "हाम्रो निम्ति तिनीहरूले चर्चमा प्रार्थना गरे। तिनीहरूलाई बाँड्न केही मिठाइहरू लगौं, हुन्न र?" आमाले बाबुलाई सोधिन्।

चर्चका सदस्यहरूमा भएको दयाले बाबुको हृदय छोयो। अनि उनले अनुश र आमालाई चर्चमा जान अनुमति दिए।